# स्थानिय लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन)

# कार्यविधि,२०७८

गाउँकार्यपालिकाबाट स्विकृत मितिः २०७८।०१।१४

लोमन्थाङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लोमन्थाङ, मुस्ताङ

# स्थानीय लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७८

प्रस्तावनाः
लोमन्थाङसंरक्षण, उद्धार, राहत र पारिवारिक पुर्नस्थापना गर्न,उनीहरुको हकहितको संरक्षण र सम्वर्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत सङ्कलन गरी परिचालन गर्न वाञ्छनिय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी लोमन्थाङ गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएकोछ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः- (क) यो कार्यविधिको नाम "स्थानीय लैगिंक हिंसा निवारण कोष सञ्चालन कार्यविधि,२०७८"रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः- (१) "कोष"भन्नाले यस कार्यविधिको दफा ४ मा उल्लेख गरे बमोजिम स्थापना गरिएको स्थानीयलैगिंक हिंसा निवारण कोषलाई सम्झनुपर्दछ ।

(२) "गाउँपालिका"भन्नाले लोमन्थाङ गाउँपालिका, मुस्ताङलाई सम्झनुपर्दछ ।

(३) "पीडित"भन्नाले कार्यविधिको दफा ४ मा उल्लेखित लैङ्गिक हिंसा पीडितहरुलाई सम्झनुपर्दछ ।

(४) "समिति"भन्नाले कार्यविधिको दफा ६ उल्लेख गरे बमोजिम गठन भएको स्थानीय उद्धार तथा राहत समितिलाई सम्झनुपर्दछ ।

(५) "कार्यविधि" भन्नाले स्थानीय लैगिंक हिंसा निवारण कोष सञ्चालन कार्यविधि,२०७८ लाई सम्झनु पर्दछ ।

(६) "अध्यक्ष" भन्नाले गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ ।

(७) "कार्यालय" भन्नाले लोमन्थाङ गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(८) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(९) "लेखा प्रमुख" भन्नाले कार्यालयको लेखा प्रमुख सम्झनु पर्दछ ।

३. कोषको रकम खर्च गर्न सकिनेः(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ।

(क) पीडितलाई तत्काल उद्दार गर्न,

(ख) पीडितलाई औषधी उपचार गर्न,

(ग) पीडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसकेमा भई अदालतको आदेशवमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न ।

(घ) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स लगायतका सेवा प्रदान गर्न,

(ङ) सीपमूलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि व्यवसाय स्थापना गर्नको लागि अनुदानको रुपमा प्रदान गर्न ।

(च) हिंसा पीडित र प्रभावित महिलाको लागि पुनर्स्थापना केन्द्र सन्चालन गर्न,

(छ) पीडितलाई पुर्नस्थापना गराउन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले लैङ्गिक हिंसावाट पीडित महिला, वालवालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थकोदुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकमखर्च गर्न सक्नेछ।

## परिच्छेद २

## कोषको स्थापना र व्यवस्था

४. कोषको स्थापना:(१) गाउँपालिकाले तपसिल वमोजिमको लैङ्गिक हिंसामा परेका पीडितहरुलाई राहत तथा आर्थिक सहयोग गर्न स्थानीय लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्नेछ।

(क) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार

(ख) सामाजिक कुरीतिजन्य दुर्व्यवहार

(ग) लैङ्गिकतामा आधारित हुने हिंसाहरु

(२) स्थानीय लैङ्गिक हिंसा निवारण कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

(क) संघीय तथा प्रदेश सरकारवाट कोषलाई प्राप्त हुने रकम,

(ख) लोमन्थाङ गाउँपालिकाले यस कोषमा जम्मा गर्न पठाएको रकम

(ग) विभिन्न संघ-संस्था वा व्यक्तिवाट कोषलाई सहयोग स्वरुप प्राप्त हुने रकम

(घ) कोषलाई अन्य कुनै स्रोतवाट प्राप्त हुने रकम आदि ।

५.कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने: कोषको रकम दफा ८ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन।

## परिच्छेद ३
## कोषको परिचालन र व्यवस्थापन

६.स्थानीय उद्धार तथा राहत समितिः कोषको व्यवस्थापन, सञ्चालन एवं स्रोतको खोजी गर्न देहाय बमोजिमको स्थानीय उद्धार तथा राहत समिति रहनेछ ।

देहायः

(१) गाउँपालिकाका उपाध्यक्ष – संयोजक

(२) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(३) कार्यपालिकाले तोकेको गाउँकार्यपालिकाको महिला सदस्य मध्येवाट १ जना – सदस्य

(४) स्थानीय प्रहरी प्रमुख वा निजको प्रतिनिधि १ जना – सदस्य

(५) महिला तथा बालबालिका शाखा प्रमुख – सदस्य सचिव

७. समितिको काम, कर्तब्य र अधिकारः(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने,

(घ) गाउँपालिकास्तरमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(ग) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

८. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः(१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नवढ्ने गरी उपलब्ध गराईनेछः-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनवाट यात्रा गर्दा लाग्ने भाडा रकम, खानाखर्चवापत प्रतिदिन पाँच सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत प्रतिदिन थप सात सय पचास रुपैयाँको दरले बढीमा पाँच हजाररुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पतालआँउदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोगगर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन पाँच सय रुपैयाँ,अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा पाँच दिनको बास खर्चवापत प्रतिदिन सात सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा पाँच हजार रुपैया,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नवढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि बीउपूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा बीस हजार रुपैया,

(ङ) पुर्नस्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरीबढीमादश हजार रुपैयाँ।

(छ) पीडितसँग कुनै बालबच्चा भए बालबच्चाका लागि पीडित सरहको खाना खर्च ।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिवआधार र प्रमाणसहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरामनासिब देखिएमा समितिले त्यस्तो पीडितलाई पाँच हजार रुपैयाँमा नबढ्नेगरी मनासिब रकम थप गरी दिन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएकोभएतापनि नेपाल बाहिर रहे बसेको पीडितलाई समितिले तोके बमोजिमकोराहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ।

<u>९. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्नेः</u>(१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वासरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिब कारणखुलाई अनुसूची १ बमोजिम कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहततथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा सञ्चालक समितिले दफा ८ को अधीनमा रहीपीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ।

<u>१०. तत्काल रकम उपलब्ध गराउन सक्नेः</u>(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्कालउद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा र समितिको तत्काल बैठक बस्ने अवस्था नरहेमा समितिको संयोजकले आवश्यकता र औचित्यताका आधारमा मनासिब रकम कोषबाट पीडितलाई उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा समितिको संयोजकबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकमउपलब्ध गराईए पछि बस्ने समितिको बैठकबाट सो विषयकोअनुमोदन गराउनुपर्नेछ ।

<u>११ .थप रकम निकासा माग गर्न सक्नेः</u>कोषमा भएको रकम अपर्याप्त भएमा समितिले सोको कारण खुलाई गाउँ कार्यपालिकासँग थप रकम माग गर्न सक्नेछ।

परिच्छेद ४

<u>खाता सञ्चालन</u>

<u>१२ .छुट्टै खाता खोल्नु पर्नेः</u>(१) कोषमा प्राप्त भएको रकम कुनै बाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१)बमोजिमको खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(३) यस कोषको रकम फ्रिज नहुने खातामा राखिनेछ ।

परिच्छेद ५

कोषको लेखा र लेखा परिक्षण:

१३. कोषको लेखा र लेखा परिक्षण:कोषको लेखापरिक्षण प्रचलित कानून बमोजिम कार्यालयले गराउनु पर्नेछ ।

परिच्छेद ६

विविध

१४.व्याख्या गर्ने अधिकार:यो कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयनमा कुनै द्विविधा परेमा त्यसको व्याख्या गर्ने अधिकार कार्यालयलाई रहनेछ ।

१५. बाधा अड्काउ फुकाउने अधिकार:यो कार्यविधि कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अन्तिम अधिकार गाउँपालिकामा सुरक्षित रहनेछ ।

अनुसूची १
कार्यविधिको दफा ९ को
उपदफा (१) सँग सम्बन्धित

विषयः सहयोग उपलब्ध गराई पाउँ ।

श्री सयोंजक ज्यू,
स्थानीय उद्धार तथा राहत समिति,
लोमन्थाङ गाउँपालिका,
लोमन्थाङ, मुस्ताङ ।

म लोमन्थाङ गाउँपालिका वडा नं. -.... मा बस्ने बर्ष .......... को .............................. मिति ..........................मा लैङ्गिक हिंसाबाट पीडित भएको छु । मेरो आर्थिक अवस्था ज्यादै कमजोर रहेको छ । म उपर लैङ्गिक हिंसा (..................................) भएकोले मेरो मानसिक/शारिरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेकोहुनाले मलाई औषधी उपचार/कानूनी सहायता एवं परामर्श/उद्धार/मनोवोमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य ............................कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

निवेदकको:
नाम, थर:
ठेगाना:
दस्तखत:
मिति: